# बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक | मिति: २०८३ भदौ २३ गते / 8 September 2026

## ०१ भोटेकोशी बाढी प्रभावित बालबालिकाको खोजी, उद्दार र संरक्षण

| १२० जना | ३१ जना | ३० जना | १५ तह | ठेचो केन्द्र |
|---|---|---|---|---|
| विदुर होल्डिङ सेन्टर | उद्धार (नुवाकोट/धादिङ) | अभिभावकको जिम्मा | समन्वय संयन्त्र | तयारी तथा पूर्वाधार |

**क** विपद् प्रभावित क्षेत्रमा बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा अभिभावकसँग पुनर्मिलनका लागि राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तह, प्रहरी तथा १०४ को समन्वयमा कार्य भइरहेको छ। नुवाकोटको विदुर होल्डिङ सेन्टरमा अभिभावकविहीन १२० जना बालबालिकाको प्रारम्भिक लेखाजोखा तथा संरक्षण र अभिभावक खोजी कार्य भइरहेको छ भने नुवाकोटमा १८ जना र धादिङमा १३ जना बालबालिकाको उद्धार गरी होल्डिङ सेन्टरमा राखिएको छ। साथै, नुवाकोटमा १७ बालिका र १३ बालक गरी ३० जना अभिभावकको जिम्मा लगाइएको तथा अन्य अभिभावक फेला नपरेका बालबालिकालाई अस्थायी संरक्षणमा राखिएको छ। प्रभावित १५ स्थानीय तहमा बाल संरक्षणसम्बन्धी समन्वय संयन्त्र गठन गरी सूचना संकलन तथा उद्धार–व्यवस्थापन कार्य अघि बढाउनुका साथै प्रहरी कार्यालयसँग समन्वय गरी बालबालिकाको अवस्था पहिचान, उद्धार र संरक्षण भइरहेको छ। धादिङमा १ बालिका तथा चितवनमा २ बालक र १ बालिका गरी ४ जना बालबालिका मृत फेला परेको जानकारी प्राप्त भएको छ।

**ख** भोटेकोशी बाढी प्रभावित बालबालिकाको अस्थायी संरक्षणका लागि ललितपुरको गोदावरी नगरपालिका, ठेचोमा अस्थायी संरक्षण केन्द्र सञ्चालनका लागि लायन्स क्लब, नगरपालिका तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी केन्द्रको साइट सुधार, प्राविधिक सर्वेक्षण तथा आवश्यक सहयोगका लागि पहल गरिएको छ। केन्द्रको सीमाना पर्खाल निर्माण, परिसर सरसफाइ तथा साइट तयारी, कोठाहरूमा प्राइमर लगाउने कार्य भइरहेको छ भने सुरक्षा लागि ४ वटा हाई–फोकस बत्ती र इन्टरनेट सेवा जडान भई सञ्चालनमा आएको छ। नगरपालिका पदाधिकारी तथा इन्जिनियरबाट स्थलगत निरीक्षण गरी बाँकी कार्यहरूको मूल्याङ्कन गरिएको छ।

**ग** नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी बालबालिकाका लागि आवश्यक सामग्रीको प्राथमिकताक्रमसहितको सूची उपलब्ध गराइएको र सामग्री खरिद प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ। यसै गरी, नेपाल स्काउटको नेतृत्वमा भान्सा व्यवस्थापन तथा सञ्चालनका लागि समन्वय गरिएको तथा भान्सा ब्लकको जस्तापाता र अन्य आवश्यक सामग्रीको व्यवस्थापन भईरहेको छ। नेपाल रेडक्रस सोसाइटी ३ वटा ठूला टेन्ट, बालबालिकाका लागि कपडा, चप्पल लगायतका सामाग्री प्राप्त भएको छ। साथै, केन्द्रको सुरक्षाका लागि प्रहरी तथा CCTV प्राविधिकसँग समन्वय गरी क्यामेरा जडानका स्थान तथा कोण निर्धारण गरिएको छ।

## ०२ विपद् प्रभावित स्थानीय तहमा रहेका ज्यान जोखिममा रहेका गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार

**आकस्मिक हवाई उद्धार** गोरखा चुमनुव्री–३ सिर्दिवास निवासी जटिल प्रसूति समस्या भएका २ जना महिला (पसनी गुरुङ र सुजता गुरुङ) को परोपकार प्रसूति गृहमा सफल उद्धार

गोरखा जिल्ला चुमनुव्री गाउँपालिका वडा नं ३ सिर्दिवास निवासी जटिल प्रसूति समस्या भएका २ जना महिला (वर्ष ३० की पसनी गुरुङ र वर्ष २९ कि सुजता गुरुङ) लाई स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकी हवाई उद्धार गरी परोपकार प्रसूति गृहमा ल्याइएको छ।

## ०३ विपद् प्रतिकार्यका लागि हटलाइन सेवा

| १०४ | १०९८ | ११४५ | १११५ |
|---|---|---|---|
| बालबालिका खोजतलास | बाल हेल्पलाइन (९७ कल) | राष्ट्रिय महिला आयोग | ज्येष्ठ नागरिक स्वास्थ्य |

**क** मन्त्रालयले विपद् प्रभावितहरूको तत्काल सहयोगका लागि बालबालिका खोजतलास केन्द्रको हटलाइन नं १०४, बाल हेल्पलाइन नं १०९८, राष्ट्रिय महिला आयोगको हटलाइन नं ११४५ तथा ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा सम्बन्धी हटलाइन नं १११५ लाई खुला गरेको छ। जस अनुसार राष्ट्रिय महिला आयोगको हटलाइन नं ११४५ मा ७ वटा विपद्मा सहयोग सम्बन्धी फोन आएको र स्थानीय प्रहरी प्रशासनसँग समन्वय गरिएको छ।

**ख** हालसम्म बाल हेल्पलाइन १०९८ काठमाडौंमा १५ र मकवानपुरमा ८२ गरी जम्मा ९७ वटा फोन कलमार्फत सूचना तथा उजुरी प्राप्त भई आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गरिएको छ। साथै, बालबालिका खोजतलास केन्द्रको हटलाइन नं १०४ मा प्राप्त सूचनाका आधारमा गोरखाको चुमनुव्री गाउँपालिका–३, नाश्रितमा सुत्केरी भएको तीन दिनकी २० वर्षीया महिला रमिता गुरुङ र नवजात शिशुको स्थानीय प्रहरी तथा नेपाली सेनासँग समन्वय गरी हेलिकोप्टरमार्फत सकुशल उद्धार गरिएको र हाल नवजात शिशुको काठमाडौंस्थित कान्ति बाल अस्पतालमा उपचार भइरहेको जानकारी प्राप्त भएको छ।

## ०५ विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सहजीकरण

| ५ वटा | रू. १०.२३ करोड | ५५ नयाँ + २ संशोधन | रू. ५०.८१ करोड |
|---|---|---|---|
| भाद्र २२ थप स्वीकृत परियोजना | आज स्वीकृत कुल बजेट | भाद्र १५–२२ सम्म स्वीकृत (५२ संस्था) | स्वीकृत कुल प्रतिकार्य बजेट |

विपद् प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य सम्बन्धित कार्य गर्नका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई छोटो प्रक्रियाबाट सम्झौता गर्न मिति २०८३ असोज १५ सम्मका लागि समाजकल्याण परिषद्बाटै परियोजना सम्झौता गर्न सकिने गरी निर्णय भएअनुसार २०८३ भाद्र २२ गते थप ५ वटा परियोजना (कुल बजेट रू १० करोड २३ लाख १५ हजार ३६६) स्वीकृत गरिएको छ। यससँगै भाद्र १५ देखि २२ गतेसम्म ५२ वटा संस्थाको ५५ वटा नयाँ परियोजना स्वीकृति तथा २ वटा संस्थाको परियोजना संशोधन गरिएको छ। नयाँ परियोजना र परियोजना संशोधन गरी कुल बजेट रु ५० करोड ८१ लाख ६ हजार ८०० बराबरको परियोजना विपद् प्रभावित क्षेत्रमा कार्य गर्ने गरी स्वीकृत भएको छ।

## ०६ विपद् प्रभावितहरूलाई विपद् प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाबाट राहत सामग्री परिचालन

| ४५ INGOs कुल राहत सहयोग | NP २४ NGOs कुल राहत सहयोग |
|---|---|
| **रू. ३७ करोड ९४ लाख ८७,९८६** | **रू. १२ करोड ९१ लाख ३४,९०२** |
| रू. ३ करोड ९९ लाख १०,५७७ PM राहत कोषमा जम्मा | रू. ७२ लाख ७२,४२५ PM राहत कोषमा जम्मा |

**क** समाज कल्याण परिषद्ले प्रेस विज्ञप्ति जारी गरी बाढी पीडित तथा प्रभावित व्यक्तिहरूको उद्धार, राहत वितरण र मानवीय सहयोगका क्रममा पीडितहरूको आत्मसम्मान, मर्यादा र गोपनीयताको सम्मान गर्न अनुरोध गरेको छ। साथै, पीडितको अनुमति बिना फोटो/भिडियो खिच्ने तथा धार्मिक वा व्यावसायिक प्रकृतिका फोटो, लोगो, सन्देश वा प्रचारात्मक सामग्री प्रयोग/प्रकाशन नगर्न सम्बन्धित सबैलाई आग्रह गरिएको छ।

**ख** **अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग:** ४५ INGOs बाट कुल रू. ३७ करोड ९४ लाख ८७,९८६ राहत सामग्री तथा नगद रू. ३ करोड ९९ लाख १०,५७७ PM कोषमा जम्मा भएको छ। प्रमुख वितरण सामग्रीहरू:

- **खाद्यान्न तथा पोषण** ३०.४ टन चामल, ४,८२० केजी दाल, ७,१०० लि. तेल, १८०० कार्टुन RUTF, १,२४० खाद्यान्न बास्केट, ६,२०० ORS र २ होल्डिङ सेन्टरमा सामुदायिक भान्छा।
- **आवास र पुनर्स्थापना** २,२७० शेल्टर किट, २७० CARE किट, २,७४६ त्रिपाल, ३,४८२ कम्बल, २,७९० स्लिपिङ म्याट, १,३४० भाँडाकुँडा सेट र ३९ पारिवारिक पाल।
- **WASH र स्वास्थ्य** ५,६१५ हाइजिन/मर्यादा किट, ११,७०० डाइपर, १,७६० प्याकेट सेनेटरी प्याड, ६४० पानी शुद्धीकरण सामग्री, २,२१० सेट पोशाक र ७५५ जोडी जुत्ता-चप्पल।
- **ऊर्जा तथा संरक्षण** १६ जेनेरेटर (नुवाकोट अस्पताल र सेनासहित), ४७५ सोलार बत्ती, अस्पताल औषधि, १० बालमैत्री स्थान (CFS) र १,००० जनालाई मनोसामाजिक परामर्श।

**ग** **राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग:** २४ NGOs बाट कुल रू. १२ करोड ९१ लाख ३४,९०२ सहयोग तथा नगद रू. ७२ लाख ७२,४२५ PM राहत कोषमा जम्मा भएको छ। प्रमुख वितरण सामग्रीहरू:

- **खाद्यान्न सहायता** ४१५ बोरा चामल, १,५५० केजी दाल, १,१४० केजी चिउरा, ५४० लि. तेल, २०० केजी सोयाबिन, मसला, बिस्कुट र २०० कार्टुन चाउचाउ।
- **आवास र प्रविधि** १,००० डबल कम्बल, ८०० झुल, ८ टेन्ट, २०० रेनकोट, १,१५२ गमबुट, ५० सोलार लाइट, ५० टर्च र १ थान DJI ड्रोन।
- **WASH र स्वास्थ्य** ४०० प्याकेट सेनेटरी प्याड (६,००० थान), ८०० साबुन, १,५०० टुथब्रस, २०० बाल्टी, रू. १५.२५ लाख औषधि, १ लाख मेडिकल ग्लोब्स र ३० फर्स्ट एड किट।
- **शिक्षा र बाल संरक्षण** अस्थायी सिकाइ केन्द्रहरू (TLC) र सुरक्षित स्थान (Safe Spaces) स्थापना, शैक्षिक सामग्री, स्टेसनरी र विद्यालय पोशाक/जुत्ता वितरण।